
# २४ घण्टाको छलफलपछि रास्वपा सभापति लामिछाने र उपसभापति वाग्ले राजधानी फर्किए

मोतीराम तिमल्सिना
काभ्रेपलाञ्चोक



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र उपसभापति तथा अर्थमन्त्री स्वर्णिम वाग्ले काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका-११ फूलबारीडाँडास्थित दूषित थानी हिमालयन रिसोर्टमा रहेको निजी भिल्लामा करिब २४ घण्टा बिताएर आइतवार राजधानी फर्किनुभएको छ।

पार्टी स्रोतका अनुसार अर्थमन्त्री वाग्लेको निमन्त्रणामा भएको उक्त भेटमा सरकारको कामकारबाही, पार्टीको आन्तरिक अवस्था तथा समसामयिक राजनीतिक विषयमा गम्भीर छलफल भएको थियो। वाग्लेको निजी भिल्ला रहेको उक्त स्थानमा उहाँ मन्त्री बनेयता समय-समयमा परिवारसहित आउने गर्नुभएको छ।

सरकार र पार्टीबीच विभिन्न विषयमा मतभेद देखिएको चर्चा चलिरहेका बेला सभापति लामिछाने र उपसभापति वाग्लेबीच भएको लामो छलफललाई राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ। स्रोतका अनुसार छलफलमा सरकारको कार्यशैली, निर्वाचनताका गरिएको प्रतिबद्धताको कार्यान्वयन, नागरिक असन्तुष्टि, सडक आन्दोलन, करका दरले पारेको प्रभाव, आगामी स्थानीय तह निर्वाचनको तयारी तथा संविधान संशोधनसँग सम्बन्धित विषयमा समीक्षा गरिएको थियो।

त्यसैगरी भ्रष्टाचारविरुद्ध सरकारले सञ्चालन गरेको अभियानको प्रभावकारिता, सुकुम्वासी समस्या समाधानमा देखिएको ढिलाइ, सहकारी पीडितलाई रकम फिर्ता गर्ने प्रक्रियाको अवस्था, प्रधानमन्त्री कार्यालयको कार्यशैली, विभिन्न नियुक्ति तथा निर्णयका कारण उत्पन्न विवाद, मन्त्रीहरूको भूमिकालगायत विषयमा पनि छलफल भएको स्रोतको दाबी छ। पार्टीको आगामी महाधिवेशन, महाधिवेशनपछिको नेतृत्व व्यवस्थापन, संसदीय दलको नेतृत्व, विधानअनुसार हुने संगठनात्मक जिम्मेवारी तथा अन्य आन्तरिक विषय पनि छलफलको एजेन्डामा रहेको बताइएको छ।

अर्थमन्त्री वाग्ले शनिवार दिउँसो करिब ३ बजे रिसोर्ट पुग्नुभएको थियो भने सभापति लामिछाने पत्नी निकिता पौडेलसहित करिब ३:२० बजे पुग्नुभएको थियो। उहाँहरू वाग्लेको निजी भिल्लामा बस्नुभएको थियो। करिब २४ घण्टापछि दुवै नेता आइतवार दिउँसो काठमाडौं फर्किनुभएको छ। लामिछाने र वाग्ले शनिबार दिउँसो होटल प्रवेश गरी आइतबार दिउँसो राजधानी फर्किएको जिल्ला प्रहरी कार्यालय काभ्रेका सूचना अधिकारी डीएसपी रविन विष्टले जानकारी दिनुभयो।

# सर्वोच्चबाट कुष्ठ प्रभावितमाथिका विभेदकारी कानुनी शब्दहरू बदर

नेपाल समाचारपत्र, काठमाडौँ

नेपाल सरकारले कुष्ठ प्रभावितमाथि गम्भीर सामाजिक लाञ्छना लगाउने विभेदकारी कानुनी शब्दहरूको संशोधन गरेको छ। सर्वोच्च अदालतको संवैधानिक इजलासले जारी गरेको आदेशअनुसार गत असार ३२ गतेको राजपत्रमा प्रकाशित कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचनाले यस्ता विभेदकारी कानुनी शब्दहरू बदर गरेको हो।

'सर्वोच्च अदालत, संवैधानिक इजलासवाट संवत् २०८३ साल वैशाख १४ गते मुद्दा नं. ०८१-२८-००१७ को रिट निवेदनमा मुलुकी देवानी संहिता, २०७४ को दफा ७१ को उपदफा (२) को खण्ड (ग) मा रहेका 'वा कुष्ठ रोगी' भन्ने शब्दहरू प्रारम्भदेखि नै अमान्य र बदर हुने आदेश भएकाले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २६ को उपनियम (१) को खण्ड (क) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।' राजपत्रमा उल्लेख गरिएको छ।

तत्कालीन कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, डा. मनोजकुमार शर्मा, शारङ्गा सुवेदी र अब्दुल अजीज मुसलमान रहेको संवैधानिक इजलासले गत वैशाख १४ गते प्रतिवादी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, संसद् सचिवालयको विधायन समिति, स्वास्थ्य मन्त्रालय र कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाको नाममा आदेश गरेको थियो।

ललितपुर गोदावरी नगरपालिका वडा नं ५ बस्ने अधिवक्ता प्रल्हादकुमार महत, अधिवक्ता महेश महत, गोदावरी नगरपालिका वडा नं. ४ बस्ने बलराम थापा मगरकी छोरी धनकुमारी थापा मगरले २०८१ भदौ ३० गते संविधान र कानुनसँग बाझिएको हदसम्म कानुनको दफा उपदफा खारेज गरिपाऊँ भनी उत्प्रेषण माग गर्दै दर्ता गरेको मुद्दाको फैसला गर्दै सर्वोच्च अदालतबाट उक्त आदेश भएको हो।

## सम्पदा...

रास्वपा सांसद कमल सुवेदीले नेपालमा बसोबास गर्ने थारू, आदिवासी जनजातिलगायत विभिन्न जाति, क्षेत्र र समुदायले विकास गरेका अभौतिक सांस्कृतिक सम्पदालाई युनेस्कोको विश्वव्यापी मान्यताको आधारमा पहिचान, संरक्षण, पुनर्जीवीकरण र भविष्यमुखी प्रवर्धन गर्न वाञ्छनीय भएकाले ऐन बनाएको भनेर लेख्ने प्रस्ताव राख्नुभयो।

रास्वपाकै अर्का सांसद सुलभ खरेलले नेपालभित्र तथा विदेशमा बसोबास गर्ने नेपाली व्यक्ति, समूह तथा समुदायले परम्परागत रूपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण र प्रवर्धन गर्न वाञ्छनीय भएकाले ऐन बनाएको भनेर प्रस्तावनामा लेख्ने प्रस्ताव गरेका छन्।

नेकपाका सांसद परशुराम तामाङले प्रस्तावनामै 'परम्परागत रूपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका' भन्ने शब्दावली हटाएर 'पुस्तौंदेखि प्रचलनमा रहेका आदिवासी तथा परम्परागत ज्ञान, सीप तथा अभ्यास' समेट्नुपर्ने प्रस्ताव राख्नुभयो। सांसद गणेशबहादुर विश्वकर्माले 'अभौतिक' शब्दको सट्टा 'मौलिक' शब्द प्रयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

रास्वपाका सांसद कमल सुवेदी र सुलभ खरेलले प्रस्तावनालाई पुनर्लेखन गर्नुपर्ने सुझाव दिनुभयो। समुदायको अग्राधिकार, सांस्कृतिक विविधताको सम्मान, सामाजिक सद्भाव, युनेस्कोको विश्वव्यापी मान्यता, आदिवासी तथा थारू समुदायको योगदान र विदेशमा बसोबास गर्ने नेपालीले संरक्षण गरिरहेका सांस्कृतिक सम्पदासमेत ऐनको उद्देश्यभित्र स्पष्ट रूपमा समेटिनुपर्नेमा उहाँहरूको जोड थियो।

सांसद खरेलले 'नेपालभित्र तथा विदेशमा बसोबास गर्ने नेपाली व्यक्ति, समूह तथा समुदायले परम्परागत रूपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण र प्रवर्धन गर्न वाञ्छनीय भएकाले' ऐन बनाएको भनेर प्रस्तावनामा लेख्ने प्रस्ताव गर्नुभयो।

अब सांसदहरूले दर्ता गरेका संशोधन प्रस्ताव र मूल विधेयकलाई एकैसाथ राखेर संसदीय समितिले दफावार छलफल गर्नेछ। समितिबाट परिमार्जित विधेयक प्रतिनिधिसभामा पेस हुने, त्यहाँबाट पारित भएपछि राष्ट्रिय सभामा जाने र दुवै सदनबाट स्वीकृत भई राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मात्रै यो विधेयक ऐनका रूपमा कार्यान्वयनमा आउने संवैधानिक प्रक्रिया रहेको छ।

विधेयकले संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारलाई आ-आफ्नो क्षेत्रभित्रका अभौतिक सांस्कृतिक सम्पदाहरूको पहिचान, संकलन तथा संरक्षण गर्ने स्पष्ट अधिकार दिएको छ।

## औषधीमा...

उहाँले भन्नुभयो- 'सरकारले प्रतिस्पर्धात्मक प्रणालीमार्फत मूल्य निर्धारण गरेर सरकारी र निजी दुवै क्षेत्रबाट औषधी खरिद गर्नुपर्छ। निजी क्षेत्र पनि सरकारकै साझेदार हो, किनभने हाम्रो नाफाको २५ प्रतिशत हिस्सा सरकारलाई नै जान्छ। त्यसैले यस विषयमा मन्त्रालयसँग छलफल अघि बढाइरहेका छौं।'

स्वास्थ्य क्षेत्रका जानकारहरूका अनुसार सरकारी र निजी क्षेत्रबीच सन्तुलित सहकार्य गर्दै उत्पादन क्षमता विस्तार गर्न सके स्वदेशी औषधी उद्योगले नयाँ गति लिनुका साथै अत्यावश्यक औषधीको आपूर्तिमा मुलुकको आयात निर्भरता उल्लेखनीय रूपमा घट्न सक्ने अपेक्षा गरिएको छ।

## दाङमा...

कुखुराको अण्डालाई जस्तो सर्पको अण्डालाई ताप आवश्यक नपर्ने भएकाले पोथी सर्प सुरक्षाका लागि मात्र गुँडमाथि बस्ने गरेको अध्येता सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार राज गोमनले एक लटमा औसत ३० वटा जति अण्डा पार्छ। तीमध्ये करिब २५ वटाबाट बच्चा निस्कन्छन् भने केही अण्डा नष्ट हुन्छन्। जन्मिएका बच्चामध्ये प्रजनन अवस्थासम्म करिब १० प्रतिशत मात्र बाँच्ने गरेको विभिन्न अध्ययनले देखाएको उहाँले बताउनुभयो।

सर्पका अण्डाबाट सामान्यतया ६० देखि ९० दिनभित्र बच्चा निस्कने गर्छ। तर अर्को रोचक कुरा के छ भने बच्चा निस्कन एक-दुई दिन बाँकी रहेको अनुमान भएपछि पोथी सर्प गुँड छाडेर जान्छ। लामो समयसम्म अण्डाको सुरक्षा गर्दा भोकले अत्यधिक कमजोर हुने भएकाले आफ्नै बच्चा खान सक्ने सम्भावनालाई मध्यनजर गर्दै बच्चा निस्कनुअघि नै गुँड छाड्ने गरेको अध्येता सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार बच्चा निस्कन सुरु भएको दुईदेखि तीन दिनभित्र सबै बच्चा बाहिर निस्किसक्छन्।

अन्य सर्पलाई आहार बनाउने भएकाले सर्पहरूको राजा मानिने राज गोमनका बच्चाहरू जन्मेको दिनदेखि नै शिकार गर्न खोज्छन्। यी सर्पहरू जन्मजात विषसहित जन्मिन्छन्। यसले डसेर मानिसको मृत्यु भएका घटना कम भए पनि डसेको अवस्थामा समयमै उपचार नपाए मृत्युको उच्च जोखिम रहने अध्येता सुवेदीले बताउनुभयो। उहाँले भन्नुभयो- 'जंगलमै बस्न रुचाउने राज गोमन सामान्यतया मानव बस्तीमा आउँदैन। तर अन्य सर्पको गन्ध पछ्याउँदै कहिलेकाहीँ बस्तीमा पनि पुग्न सक्छ। यसको स्वभाव लजालु हुन्छ। मानिस देखेपछि भाग्न खोज्छ तर आफू असुरक्षित महसुस गरेमा आक्रमण गर्न सक्छ।'

आईयूसीएनले अति संवेदनशील सूचीमा राखेको यो प्रजाति नेपालमा तराईदेखि पहाडी जिल्लासम्म पाइने गरेको सुवेदीले जानकारी दिनुभयो। जैविक विविधता संरक्षण तथा अन्य सर्पहरूको सङ्ख्या नियन्त्रणमा यसको महत्वपूर्ण भूमिका रहेको उहाँको भनाइ छ। सर्पबाहेक यसले गोहोरो (मोनिटर लिजार्ड) जस्ता केही सरिसृप पनि खाने गरेको उल्लेख गर्दै उहाँले गुँडको सुरक्षा गर्ने अवधिभर भने आफैं खाना खोज्न नजाने र अन्य सिकार नजिक नआएसम्म केही पनि नखाने बताउनुभयो। लामो समयसम्म उपवास बस्नुपर्ने भएकाले अण्डाको सुरक्षामा बसेको पोथी राज गोमन क्रमशः दुब्लाउँदै जाने गरेको उहाँले जानकारी दिनुभयो।

## विश्व...

यो वर्ष फेरि मनोनयन गर्ने तयारी भएको विभागको भनाइ छ। दक्षिण कोरियाको बुसानमा जारी बैठकमा लुम्बिनीमा सुधार गर्नुपर्ने विषय वेवास्ता भइरहेको कुरा उठेको बताइएको छ। यसअघि सम्भावित खतराको सूचीमा राख्ने वा नराख्ने विषयमा अध्ययन गर्न युनेस्को विश्वसम्पदा केन्द्रबाट दुई विज्ञ नेपाल आएका थिए। गत फेब्रुअरी ४ देखि ११ तारिखसम्म विज्ञद्वय रोल्याण्ड लि र डा माइकल पियर्सनले लुम्बिनी र मायादेवी मन्दिरको अवलोकन गर्नुका साथै लुम्बिनी क्षेत्र विकासकोष, पुरातत्व विभागका अधिकारी र सरोकारवालाहरूसँग छलफल गर्नुभएको थियो। उहाँहरूले मुख्य मन्दिरका मार्कर स्टोन र पुरातात्विक संरचना भएको मुख्य मायादेवी मन्दिरभित्र पानी रसाउने र छतबाट पानी चुहिने समस्या तत्काल समाधान गर्नुपर्ने सुझाव दिनुभएको थियो। साथै उहाँहरूले वर्षाअघि र वर्षापछि पनि जमिनबाट पानी रसाएर पानी भरिने समस्या बढदै गएको, चिसो र ओसको कारण बुद्ध जन्मसँगसम्बन्धी मूर्ति र मार्कर स्टोनमा हुनसक्ने क्षतिलाई रोक्न सुझाव दिएको थियो। अध्ययनको क्रममा टोलीले पानी परेर मन्दिरको भित्रीभाग रसाएर लेउ र ढुसी लाग्ने गरेको बताएका थिए।

ती दुई विज्ञले सिफारिस गरेको विषयमा नै जारी बैठकमा छलफल हुनेछ। नेपालले यो वर्ष धेरै सुधार गरेको कारण खतराको सूचीमा नपर्ने अनुमान गरेको छ।

यसअघि समितिको ४६ औं बैठकमा लुम्बिनीलाई खतराको सूचीमा राख्ने तय भएको थियो। भारत सरकारले असहमति जनाएको कारण लुम्बिनी खतराको सूचीमा पर्नबाट रोकिएको थियो। यस पटकको बैठकमा फेरि सोही विषयले चर्चा पाएको छ।

विज्ञ टोलीले मायादेवी मन्दिरनजिकै प्रार्थनाका लागि निर्माण भएका अस्थायी काठको संरचना, बत्ती बाल्नको लागि बनाएको घर स्थानान्तरण गर्ने सम्बन्धमा पनि ध्यानाकर्षण गराएको थियो। विज्ञले दिएको निर्देशनको आधारमा धेरै सुधार गरिएको विभागले जनाएको छ।

विभागका प्रमुख पुरातत्व अधिकृत एवं प्रवक्ता सन्दीप खनालले विज्ञ टोलीको सुझावको आधारमा धेरै सुधार गरेकाले यो वर्ष खतराको सूचीमा नपर्ने सम्भावना रहेको जिकिर गर्दै भन्नुभयो- 'विगत वर्षभन्दा यो वर्ष लुम्बिनी परिसरमा अशोभनीय देखिएका धेरै विषयमा सुधार गरिसकेको छौं।'

विज्ञ टोलीले मन्दिरबाहेक अशोक स्तम्भको भिजिटर व्यवस्थापनको सम्बन्धमा तत्काल सुधार गर्न निर्देशन दिएको छ। केहीबाहेक सबै सुधार भैसकेको छ। जारी बैठकमा मन्त्रालयका सचिव, सहसचिव, विभागमा महानिर्देशकलगायतले सुधारका विषयमा जानकारी गराउँदै खतराको सूचीमा राख्नबाट जोगाउन सबै प्रयास गरिने बताइएको छ।

विकास कोषले हालै निर्माण सम्पन्न भएको र निर्माणाधीन बत्ती बाल्नेघर, मेडिटेसन प्लेटफर्म र ५ नं गेटसँगैको संरचनालाई मापदण्डअनुसार तत्काल सुधार गर्नुपर्ने विज्ञ टोलीको सुझावअनुसार अधिकांश काम गरिसकेको छ भने केही गर्न बाँकी छ।

सन् २०२२ मार्चमा नेपालमा प्रतिक्रियात्मक अनुगमन योजना र सोही महिनामा भएको अन्तर्राष्ट्रिय समिति बैठकका सिफारिस पूर्णरूपमा लागू गर्ने जनाए पनि सरकारले कार्यान्वयन नगरेपछि युनेस्कोले चेतावनी दिएको थियो। पुरातात्विक महत्वका रूपमा पहिचान गरिएका सम्पदाभित्र वा छेउछाउका क्षेत्रमा थप काम हुनुअघि सम्पदा प्रभाव मूल्याङ्कन गर्नैपर्ने हुन्छ। तर लुम्बिनी विकासकोषले विभागको परामर्शबिना धमाधम काम गरिहेको छ।

विभागले दिएको निर्देशन कोषले नमानेका कारण खतराको सूचीमा पर्ने खतरा बढेको हो। लुम्बिनी विश्व शान्ति सहर परियोजना कार्यान्वयन गर्न सम्पदा प्रभाव मूल्याङ्कन तयार गरी विश्वसम्पदा केन्द्रमा पेस गर्नुपर्ने हुन्छ। तर कोषले योजना बनाउँदा युनेस्को र विभागसँग सहमति नै नलिएको आरोप लागेको छ।

लुम्बिनी विकास गुरुयोजनाअनुसार सबै काम कार्यान्वयन गर्नुअघि सल्लाहकार समितिले समीक्षा गर्ने, प्रारम्भिक क्षेत्र रणनीति कागजातहरूको तयारी 'नोट' गर्ने र राज्यपक्षलाई यी कागजातहरूलाई अन्तिम रूप दिनुअघि सूचना वैज्ञानिक समितिद्वारा समीक्षाका लागि पेस गर्न प्रोत्साहन गर्नुपर्ने हुन्छ। कोषले मायादेवी मन्दिरमा कुनै पनि प्रकारका अन्य संरचना निर्माण गर्नुअघि वातावरणीय प्रभाव मूल्याक्रन गर्नुपर्ने थियो। बृहत्तर लुम्बिनी क्षेत्र र यसको फराकिलो परिवेशलाई प्रक्षेपण गर्ने रणनीति र कार्य योजनाको मस्यौदा तयार गर्नुपर्नेछ। विश्वसम्पदा क्षेत्र लुम्बिनी र मध्यवर्ती क्षेत्रभित्र हालै निर्माण गरिएका अस्थायी संरचनाहरूको सम्पदा प्रभाव मूल्याङ्कन पेस गर्नुपर्नेछ।

कोषले गुरुयोजनाअनुसार मात्रै संरचना निर्माण गर्नुपर्नेछ। यसअघि कोषले युनेस्कोको मापदण्डअनुसार निर्माण नगरेका कारण नेपाललाई लगातार चेतावनी दिइरहेको छ। कोषले मन्त्रालय र विभागको सहमति नलिईकनै बुद्धिस्ट मेडिटेसन हल,बत्तीबाल्ने क्षेत्रलगायतका संरचना निर्माण गरेको थियो। विज्ञ टोलीले यसैमा आपत्ती जनाएको छ। अधिकांश विज्ञ टोलीले सुधार गर्न चेतावनी दिएपछि कोषले केही सुधार गरेको थियो। तर अझै पनि पर्याप्त हुन सकेको छैन।

बैठकमा सहभागी हुन पर्यटन सचिव मकुन्दप्रसाद निरौला, मन्त्रालयका सहसचिव डा.सुरेशसुरस श्रेष्ठ, पुरातत्व विभागका महानिर्देशक शौभाग्य प्रधानाङ्ग, विभागका विश्वसम्पदा शाखा प्रमुख देवेन्द्र भट्टराई, हनुमानढोका दरबार हेरचाह अड्डा प्रमुख काजीमान प्याकुरेललगायत बुसानतर्फ प्रस्थान गरिसकेका छन्। नेपाली टोली आजबाट हुने बैठकमा सहभागी हुनेछन्।

चन्द्रपुरका विवाहित महिलाको मानसिक स्वास्थ्य संकट

# तीनमध्ये एकमा डिप्रेसन प्रत्येक ६ मध्ये एकमा एन्जाइटी

नेपाल समाचारपत्र, काठमाडौँ

नेपालमा विवाहित महिलाको मानसिक स्वास्थ्यबारे गरिएको एक नयाँ अध्ययनले चिन्ताजनक अवस्था उजागर गरेको छ। काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल साइन्सेस र धुलिखेल अस्पतालका अनुसन्धानकर्ताले रौतहटको चन्द्रपुर नगरपालिकामा गरेको अध्ययनले तीनमध्ये एक विवाहित महिलामा डिप्रेसन र प्रत्येक छमध्ये एक महिलामा एन्जाइटी (चिन्ता) को लक्षण रहेको देखाएको हो। अध्ययन प्रतिष्ठित अन्तर्राष्ट्रिय जर्नल डीएमजे ओपनमा प्रकाशित भएको छ।

अनुसन्धानमा सहभागी २० देखि ४९ वर्ष उमेर समूहका विवाहित महिलामध्ये ३१.१ प्रतिशतमा डिप्रेसन, १६.७ प्रतिशतमा एन्जाइटी तथा उल्लेख्य सङ्ख्यामा तनावका लक्षण भेटिएको अनुसन्धानले देखाएको छ। मानसिक स्वास्थ्यमा पारिवारिक अवस्था, सामाजिक सम्बन्ध, रोजगारी र बसोबासको अवस्थाले प्रत्यक्ष प्रभाव पार्ने निष्कर्ष अध्ययनले निकालेको छ।

श्रीमान्सँग अलग बस्ने महिलामा जोखिम बढी

श्रीमान्को घर छाडेर माइती वा अन्यत्र बसिरहेका महिलामा डिप्रेसन र एन्जाइटीको जोखिम अन्य महिलाको तुलनामा बढी देखिएको छ। दाम्पत्य सम्बन्धमा दूरी, सामाजिक असुरक्षा, आर्थिक अनिश्चितता र भावनात्मक समर्थनको कमी यसका प्रमुख कारण हुन सक्ने अध्ययनले औंल्याएको छ।

अध्ययनको अर्को महत्वपूर्ण निष्कर्ष संयुक्त परिवारमा बस्ने महिलामा डिप्रेसनको जोखिम तुलनात्मक रूपमा कम रहेको हो। संयुक्त परिवारमा भावनात्मक सहयोग, घरायसी कामको बाँडफाँट र सामाजिक सहाराले मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने अनुसन्धानकर्ताको निष्कर्ष छ।

नेपालमा मानसिक स्वास्थ्य सेवा अझै पनि सीमित पहुँचमा रहेको अवस्थामा यो अध्ययनले विवाहित महिलाको मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याएको छ। मानसिक स्वास्थ्यसम्बन्धी सेवा स्थानीय तहसम्म विस्तार गर्ने, प्राथमिक स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य परीक्षण समावेश गर्ने तथा महिलामैत्री परामर्श सेवा विस्तार गर्नुपर्ने सुझाव अनुसन्धानकर्ताले दिएका छन्।

विश्व स्वास्थ्य संगठनका अनुसार डिप्रेसन र एन्जाइटी विश्वव्यापी रूपमा सबैभन्दा बढी देखिने मानसिक स्वास्थ्य समस्या हुन्। नेपालमा भने मानसिक रोगप्रति रहेको सामाजिक कलंक, उपचार सेवा र जनशक्तिको अभाव तथा मानसिक स्वास्थ्यबारे चेतनाको कमीका कारण धेरै महिलाले समयमै उपचार पाउन सकेका छैनन्।

अध्ययनले महिलाको मानसिक स्वास्थ्यलाई व्यक्तिगत समस्या मात्र नभई सार्वजनिक स्वास्थ्य, लैङ्गिक समानता र सामाजिक विकाससँग जोडिएको विषयका रूपमा हेर्नुपर्ने स्पष्ट सन्देश दिएको छ। अनुसन्धानकर्ताका अनुसार मानसिक स्वास्थ्यमा समयमै लगानी र प्रभावकारी नीति लागू गर्न सके परिवार, समुदाय र समग्र समाजको स्वास्थ्यमा दीर्घकालीन सकारात्मक प्रभाव पर्न सक्छ।

# हुम्ला अदालतको मुद्दा फछ्र्योट ७९.४ प्रतिशत

हुम्ला, (नेस)

हुम्ला जिल्ला अदालतले आर्थिक वर्ष २०८२/८३ मा कुल मुद्दामध्ये ७९.४१ प्रतिशत फछ्र्योट गरेको जनाएको छ।

आइतवार सार्वजनिक वार्षिक प्रगति विवरणअनुसार अदालतमा जिम्मेवारी सरी आएका ९ र नयाँ दर्ता भएका ५९ गरी कुल ६८ मुद्दामध्ये ५४ वटा फछ्र्योट भएका छन् भने १४ वटा मुद्दा बाँकी रहेका छन्।

देवानीतर्फ ३१ मध्ये २४ र फौजदारीतर्फ ३७ मध्ये ३० वटा मुद्दा टुंग्याइएको अदालतका श्रेस्तेदार श्रीदीप वाग्लेले जानकारी दिनुभयो। फछ्र्योट भएका मुद्दाको फैसला २१ दिनभित्र तयारी गरी सम्बन्धित पक्षलाई उपलब्ध गराइएको उहाँले बताउनुभयो।

अदालतका न्यायाधीश नीलकण्ठ बरालका अनुसार थुनुवा रहेका १७ मुद्दामध्ये १३ वटा फछ्र्योट भएका छन्। इजलाशबाट मेलमिलापका लागि पठाइएका १८ मुद्दामध्ये १२ वटामा मेलमिलाप सफल भएको छ, जसको सफलता दर ६६.६७ प्रतिशत रहेको छ। वार्षिक विवरणअनुसार अदालतमा सबैभन्दा बढी सम्बन्धविच्छेदका १६ वटा मुद्दा दर्ता भएका छन्। अदालतले स्थानीय तहका न्यायिक समिति तथा अर्धन्यायिक निकायहरूको समेत अनुगमन गरेको जनाएको छ।

**बन्दीपुर सामाजिक विकास समितिको ३४ औं साधारण सभा बारे सूचना**

**बन्दीपुर सामाजिक विकास समितिको ३४ औं साधारण सभा मिति २०८३ साल श्रावण २३ गते शनिबार अपरान्ह दिनको १:३० बजेबाट काठमाडौंको बालुवाटार स्थित T-21 PALACE (पवित्रा वर्कशप अगाडी) मा हुने भएको ले सम्पुर्ण सदस्य महानुभावहरुलाई उपस्थितिको लागि यसै सुचना मार्फत अनुरोध गरिन्छ ।**

**छलफलका विषयहरु :**

१) महासचिवको प्रतिवेदन
२) कोषाध्यक्षको प्रतिवेदन
३) लेखा परिक्षकको नियूक्ति तथा पारश्रमिक
(४) विविध

सम्पर्कः

**विश्व प्रधान, महा सचिव ९८५१०७२१७१**

**हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड**

HULAS FINSERV HIRE PURCHASE LTD.

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज सम्बन्धी कार्य गर्न इजाजतपत्र प्राप्त संस्था
रजिस्ट्र्ड कार्यालय, त्रिपुरेश्वर –११, काठमाडौं
फोन नं. ०१-५९७०७५९

**आ.व. २०८३/०८४ का लागि आपूर्तिकर्ता सूचीकरण (Vendor Enlistment) सम्बन्धी सूचना**

**(प्रकाशित मिति: २०८३/०४/०४)**

यस हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड (HFL) लाई आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित सामान तथा सेवाहरू आपूर्ति गर्ने प्रयोजनका लागि इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्था/व्यक्तिहरूबाट सूचीकरणका लागि आवेदन आह्वान गरिएकोले इच्छुक आवेदकहरूले रीतपूर्वकको आवेदन र आवश्यक कागजातहरू सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयको admindepartment@hulasfinserv.com मा इमेल गरी दर्ता गराउनुहुन जानकारी गराइन्छ ।

**सामान तथा सेवाहरुको विवरण**

**अफिस उपकरणहरु, छपाई प्रिन्टिङ तथा स्टेशनरी लगायत अन्य सामाग्री तथा सेवाहरुः**

१. सूचना प्रविधि सम्बन्धी सेवा (कम्प्युटर, ल्यापटप, सुरक्षा प्रणाली, सिस्टम तथा उपकरण, सर्भर/नेटवर्क स्विच/ फायरवाल उपकरण/ राउटर आदि),
२. प्रिन्टर, स्क्यानर, फोटोकपि मेसिन,
३. अनलाइन UPS, ब्याट्री तथा सोलार सम्बन्धी सेवाहरु,
४. एयर कन्डिसनर्स, CCTV, सेक्युरिटी अलार्म सिस्टम,
५. टेलिफोन सेट, इलेक्ट्रोनिक्स, Attendance Device,
६. मेटल तथा काठका फर्निचर,
७. जनरल स्टेशनरी तथा अन्य छपाई सम्बन्धी कार्यहरु (आई.डी. कार्ड, भिजिटिङ कार्ड),
८. कानूनी परामर्श सेवा,
९. ब्रान्डिङ, लोगो साइन बोर्ड, फ्लेक्स बोर्ड, पोस्टर, पम्पलेट, फ्लायर, मर्चेन्डाइज सम्बन्धी सेवा,
१०. विद्युत्, प्लम्बिङ, सरसफाइ तथा अन्य जनशक्ति आपूर्ति (आउटसोर्सिङ) सम्बन्धी सेवा,
११. कुरियर सम्बन्धी (आन्तरिक तथा बाह्रय),
१२. पिउने पानीको जार आपूर्ति,
१३. अग्नि नियन्त्रक तथा अन्य सुरक्षा सामग्री आपूर्ति सम्बन्धी कार्य,
१४. इन्टरनेट जडान तथा सञ्चार सेवा,
१५. Recruitment तथा HR आउटसोर्सिङ सम्बन्धी सेवाहरू
१६. कर्मचारी युनिफर्म आपूर्ति सेवा,
१७. बीमा सम्बन्धी सेवाहरू,
१८. सवारी साधन मूल्याङ्कन सेवा,
१९. सुरक्षा, सहयोग (हाउसकिपिङ) र कागजात व्यवस्थापन तथा लजिस्टिक सम्बन्धी सेवा,
२०. डिजिटल तथा सामाजिक सञ्जाल मार्फत व्यवसाय प्रवर्द्धन, विज्ञापन तथा डिजिटल एजेन्सी लगायतका सेवा,

**मर्मत तथा सुधारः**

२१. अफिस उपकरण (जेनेरेटर, सर्भर, ए.सी., प्रिन्टर मर्मत तथा टोनर रिफिलिङ) सम्बन्धी तथा अन्य सेवाहरु,
२२. फर्निचर, फिक्सिङ तथा पोलिसिङ सम्बन्धी उपकरणहरु,
२३. अनलाइन UPS, ब्याट्री तथा सोलार सम्बन्धी उपकरणहरु,
२४. भवन मर्मत, सिभिल सेवा, रङरोगन, विद्युत् मर्मत तथा प्लम्बिङ सम्बन्धी कार्य,
२५. इनडोर प्लान्ट हेरचाह तथा व्यवस्थापन सेवा,

**आवेदन साथ पेश गर्नुपर्ने थप कागजातहरूः**

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित) ।
२. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

**थप शर्तहरूः**

- कुनै पनि आवेदन स्वीकृत गर्ने वा नगर्ने तथा सूचीबाट हटाउने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ ।
- छनौट भएका सेवाप्रदायकहरूलाई कम्पनीको आर्थिक विनियमावली अनुसार खरिद प्रक्रियामा सहभागी गराइनेछ ।

**थप जानकारीका लागि सम्पर्कः** प्रशासन विभागमा सम्पर्क गर्न सकिनेछ ।